# फिक्कल गाउँपालिका सिन्धुलीद्वारा चालु आ.व २०७९/०८० को पहिलो चौमासिक अवधिमा सम्पादित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन-२०७९

फिक्कल गाउँपालिका ४,खाङसाङ

### १.कार्यक्रमको परिचय

स्थानीय तह वा सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । फिक्कल गाउँपालिका वडा नं ४, खाङसाङमा २०७९ मंसिर १८ गते आईतवारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

### २. कार्यक्रमको उद्देश्य

फिक्कल गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम,

बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।

सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको

बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।

❖ सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।

❖ स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति
जवाफदेहि बनाउने ।

❖ सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

**३. कार्यक्रमको संक्षिप्त जानकारी**

सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्तिको
नाम : विदुर पौडेल
ठेगाना : सिन्धुलीगढी मिडिया प्रा.ली.सिन्धुली
सार्वजनिक सुनुवाईको विषय : फिक्कल गाउँपालिकाद्धारा चालु आ.व २०७९/०८० को पहिलो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता कार्यक्रम आयोजक : फिक्कल गाउँपालिकाको कार्यालय खाङसाङ
कार्यक्रम विवरण

- ❖ मिति : १८ मंसिर २०७९ (आईतवार)
- ❖ स्थान : फिक्कल गाउँपालिका वडा नं ४, खुल्ला चौर
- ❖ समय : दिनको १२:३० वजेदेखि ४ :०० बजेसम्म (३ घण्टा ३० मिनेट)

**४. जवाफदेही वक्ताहरु**

- ❖ फिक्कल गाउँपालिकाका प्रमुख श्री पार्वती सुनुवार
- ❖ फिक्कल गाउँपालिकाका उप प्रमुख श्री राजु बराल
- ❖ फिक्कल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री शिवहरी दहाल
- ❖ फिक्कल गाउँपालिका वडा नं १ का अध्यक्ष श्री होम बहादुर सुनुवार
- ❖ फिक्कल गाउँपालिका वडा नं २ का अध्यक्ष श्री शंकर बहादुर भण्डारी
- ❖ फिक्कल गाउँपालिका वडा नं ३ का अध्यक्ष श्री टेकबहादुर रजन मगर
- ❖ फिक्कल गाउँपालिका वडा नं ४ का अध्यक्ष श्री मोहन मगर
- ❖ फिक्कल गाउँपालिका वडा नं ५ का अध्यक्ष श्री बैकुण्डलाल पहाडी
- ❖ फिक्कल गाउँपालिका वडा नं ६ का अध्यक्ष श्री कुलेन्द्र बहादुर मगर

सहायक जवाफदेही वत्ताहरु

- ❖ शिक्षा शाखा प्रमुख श्री हरिलाल विश्वकर्मा
- ❖ स्वास्थ्य शाखा प्रमुख श्री ओमकुमार लुङ्गेली
- ❖ लेखा शाखा प्रमुख श्री छत्र बहादुर बानियाँ

**५.अतिथिहरु**

- ❖ पालिकाका निर्वतमान अध्यक्ष श्री धनवहादुर कार्की

❖ नेपाल कम्युनिष्ट पार्टी एमाले गाउँ कमिटि फिक्कलका सचिव श्री जय प्रसाद न्यौपाने

❖ नेपाली काँग्रेस गाउँकार्य समिति फिक्कलका प्रतिनिधि श्री वेगबहादुर घिमिरे

❖ नेकपा माओवादी केन्द्र फिक्कलका अध्यक्ष श्री लोकेन्द्र बहादुर कार्की

**६. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण**

दलित जनजाति ब्राम्हण ,क्षेत्री,नेवार कूल

महिला पुरुष महिला पुरुष महिला पुरुष महिला पुरुष जम्मा १३२ जना

*(सहभागीहरुको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।)*

**७. संचालन प्रक्रिया**

प्रारम्भिक चरण

(क) समन्वयात्मक बैठक

फिक्कल गाउँपालिकाद्धारा चालु आ.व २०७९/०८० को पहिलो चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि पालिकाले गरेको निर्णय अनुसार फिक्कल गाउँपालिका प्रमुख श्री पार्वति सुनुवार, उपप्रमुख श्री राजु बराल, प्रमुख प्रशासकीय अधिकृत श्री शिवहरी दाहालं सहजकर्ता श्री विदुर पौडेल भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती भएको थियो ।

मिति तय भए पश्चात् सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरिएको थियो ।

**(ख) सहजकर्ताको छनौट तथा समन्वय**

फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले आयोजना गरेको पालिका स्तरीय सार्वजनिक सुनुवाईलाई पालिकाको कार्यालयले ब्यवस्थापन तथा समन्वयका कार्यहरु गरेको थियो ।

(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

(घ) बहिर्गमन अभिमत संचालन

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन बहिर्गमन अभिमत वा नागरिक
प्रतिवेदन पत्र अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । तर फिक्कल गाउँपालिकाले बहिर्गमन अभिमत ,नागरिक प्रतिवेदन पत्र वा कुनै नागरिकको मत लिने कार्यहरु संचालन गरेको थिएन ।

(ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार

फिक्कल गाउँपालिकाद्धारा चालु आ.व २०७९/०८० को पहिलो चौमासिक अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले पालिकाले आफ्नो वेवसाईड र पालिकाका सवै वडामा सार्वजनिक सुनवाई संचालन गरी जानकारी गराएको र संचारमाध्यमबाट प्रचारप्रसार गरेको ।

**कार्यान्वयन चरण**

फिक्कल गाउँपालिकाको कार्यालय फिक्कलको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो । सहजकर्ता श्री विदुर पौडेलेले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो ।

त्यसपछि नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो । त्यसैगरि पालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री शिवहरी दाहालले चालु आ.व २०७९/०८० को पहिलो चौमासिक अवधिसम्म पालिकामा भएको आय, ब्यय तथा समग्र प्रगतीको अवस्थाको जानकारी बारेमा जानकारी गराउनु भएको थियो । आएका प्रश्नहरुको फिक्कल गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत सहित सरोकारवाल र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो ।

**पशन कर्ताहरु :**

१. गणेश पहाडी :(शिक्षक) स्थानीय पाठ्यक्रम लागु गरिएपछि कमप्यूटर शिक्षा विस्थापित भयो । किन ?

२. फडिन्द्रनाथ पहाडी : स्थानीय पाठ्यक्रम निर्माण र लागु गरेसँगै विद्यालयमा कति पठनपाठन प्रभावित भयो भन्ने लेखाजोखा गर्नु पर्छ ।

३. गंगाराम पहाडी : शिक्षक पदपूर्ति र शिक्षक कर्मचारी पदपूर्ति हुन किन ढिलाई भयो ।

४. सन्तोष घिमिरे : सामान्य दुर्घटना हुदाँ पनि घुर्मी र खुर्कोट धाउनु पर्ने बाध्यताको अन्त्य कहिले हुन्छ ।
५. टेक वहादुर मगर : फिक्कल गाउँपालिकाले विरामीहरुलाई अस्पताल सम्म पुऱ्याउनको लागी निशुल्क एबुलेन्स सेवा प्रदान गरेको भएपनि अस्पतालमा बस्ने विरामीहरुले खाना र बर्थिङ सेन्टरमा वस्दा पोषिलो आहारको समस्या परेको यसको निकास दिनु पऱ्यो ।
६. कृष्ण प्रसाद बराल : कोभिडबाट पिडितको लागि आएको रकम वितरण हुन्छ की हुदैन ।
७. खड्ग नेपाली : रत्नावतीको स्वास्थ्य चौकीको भवन कहिले पुरा हुन्छ ।
८. गंगा राम पहाडी : पालिकाले गहुँ र आलुको विऊ अनुदानमा वितरण गर्न किन रोकेको ?प्राविधिक धार पठनपाठन भएको विद्यालय धरासयी छ , तरकारीको वेर्ना कता गयो ?
९. खड्ग नेपाली : बजेट विनियोजन असारमा भएको भएपनि अहिले सम्म बाटो सरसफाई किन हुन सकेन ?
१०. उज्वल न्यौपाने : आईसोलेसन भवन कहिले निर्माण सम्पन्न हुन्छ , र साधुरे भ्कोलुङगे पुल निर्माणबाट कति लाभान्वित हुन्छन ।
११. सन्तोष घिमिरे : सल्पाठाना जाने एउटा बाटो मात्र व्यवस्थित बनाऊ , धेरै बाटो भन्दा पनि पक्की बाटो बनाउने तर्फ लागौं ।
१२. ललित थापा : बाटो सरसफाई गर्न भनि वडा नम्वर २ का लागी विनियोजन भएको ६ लाख ५० हजारको हिसाव किताव खै ? वडालाई छुट्याएको इन्धन खर्च एक लाख ककस्ले प्रयोग गर्ने हो ।
१३. हंङकालि प्रा.वि. प्रअ : जेठ ११ गते हावाहुरीले उढाएको विद्यालयको छानो अहिले सम्म पुरा हुन सकेन किन ? विद्यालय भाडामा बसेको छ । यसको निकास कहिले हुन्छ ?
१४. सिद्धिचरण घिमिरे : विद्यालयको भवन कहिले वन्छ र कमप्यूटर ,प्रिन्टर लगायतको उपकरण कहिले प्राप्त हुन्छ विद्यालयलाई ।

**९. सार्वजनिक प्रतिवद्धता**

सार्वजनिक सुनवाइमा कुनै सार्वजनिक प्रतिवद्धताहरु भएनन् ।

१०.कार्यक्रमको सवल पक्षहरु

- ❖ स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा जिल्लाका कार्यालय प्रमुखहरुको सहभागीतामा संचालन गरिएको ।
- ❖ फिक्कल गाउँपालिकाको भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- ❖ सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको ।
- ❖ स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- ❖ जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।

**१२. सुधार गर्नुपर्ने पक्षहरु**

कार्यक्रम तालिका

१.पहिलो चरणको कार्यक्रम गाउँपालिका आफैले संचालन गर्ने (आधा घण्टा)

२.दोस्रो पक्षले सार्वजनिक सुनवाई कार्यक्रम संचालन गर्ने । (साढे एक घण्टा )

३. आचारसंहिता प्रस्तुत गर्ने । २ मिनेट

४. प्रमुख प्रशासकिय अधिकृतबाट गाउँपालिकाको गतिविधि संक्षिप्तमा प्रस्तुत गर्ने । १० मिनेट

५. सवाल जवाफ सुरु (सवा घण्टा)

६. गाउँपालिकालाई मञ्च हस्तान्तरण ।

# सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचार संहिता

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

५. आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७. सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

८. सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

९. सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

१०. व्यक्तिगत आक्षेप लगाउन पाईने छैन ।

११. यस सार्वजनिक सुनवाई गाउँपालिका र मातहतका कार्यालयबाट प्रवाह हुने विषय वस्तु सँग सम्वन्धित रहेका विषय मुखि सवाल जवाफ गर्नु पर्ने छ ।

फिक्कल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
खाङसाङ सिन्धुली
**सार्वजनिक सुनुवाई कार्यक्रम - २०७९ मंसिर १८ गते आइतबार**

**फिक्कल गाउँपालिकाबाट चालु आ.व. २०७९ को प्रथम चौमासिक अवधि (२०७९ श्रावण महिना देखि २०७९ कार्तिक मसान्त) सम्म विभिन्न शिर्षकमा छुट्याईएको बजेट रकम र सोको प्रगति प्रतिशत :**

| | | |
|---|---|---|
| **(१)** | **चालु आ.व. २०७९/८० मा कुल विनियोजित बजेट** | **५१,८९,७५,०००/-** |
| (२) | चालु तर्फ विनियोजित बजेट | ३४,१२,७३,०००/- (६५.७६%) |
| (३) | पुँजिगत तर्फ विनियोजित बजेट | १७,७७,०२,०००/- (३४.२४%) |
| (४) | हालसम्म निकासा/ हस्तान्तरण भएको कुल रकम (संघ/ प्रदेशबाट) | १९,७१,८०,०६६.५०/- |
| (५) | चालु आ.व. को प्रथम चौमासिक अवधि(हालसम्म) मा भएको कुल खर्च | १०,१०,९७,८२५.२२/- (१९.४८%) |
| (६) | चालु तर्फ कुल खर्च प्रतिशत | २३.७६% |
| (७) | पुँजिगत तर्फ कुल खर्च प्रतिशत | ११.२५% |

**फिक्कल गाउँपालिकाबाट चालु आ.व. २०७९ को प्रथम चौमासिक अवधि (२०७९ श्रावण महिना देखि २०७९ कार्तिक मसान्त) सम्म गाउँपालिकाबाट सम्पादन भएका मुख्य मुख्य कामहरुको विवरण :**

<u>योजना तथा पूर्वाधार विकास तर्फ</u>

(१) निर्माणाधिन ठूला योजना तर्फ गाउँपालिकाको प्रशासनिक भवन निर्माण, चनौटे स्थित १० शैयाको सुविधासम्पन्न अस्पताल निर्माण, दमार कोल्ड स्टोर निर्माण, वडा नं. ६ को वडा कार्यालयको भवन निर्माणको कार्य धमाधम भईरहेको । निर्माण कार्यमा समस्या देखिएको वडा नं. ६ र वडा नं. ४ को स्वास्थ्य चौकीको भवनको सम्बन्धमा आवश्यक कानूनी कारवाहीका लागि पहल भईरहेको ।

(२) २ करोड रुपैयाँ भन्दा माथि लागत अनुमान भएका ३ वटा बाटोहरुको ठेक्का सम्पन्न भई ठेकेदार कम्पनीलाई सम्झौताका लागि बोलाईएको ।

(३) ५० लाख रुपैयाँ लागत अनुमान भएका २ वटा बाटोहरुको ठेक्काको म्याद सम्पन्न भई बोलपत्र मूल्याङ्कनको कार्य अन्तिम चरणमा पुगेको ।

(४) २२ वटा योजनाहरु उपभोक्ता समितिसँग सम्झौता भई कार्यादेश दिईएको ।

(५) उपभोक्ता समितिमार्फत् कार्यान्वयन गरिने योजनाहरुको हकमा वडा कार्यालयहरुलाई उपभोक्ता समिति गठन गरी सम्झौताका लागि गाउँपालिका पठाईदिन अनुरोध गरिएको ।

(६) थप केही ठेक्काहरु वद्युतीय बोलपत्र प्रणाली मार्फत् लगाउनका लागि प्राविधिकबाट सर्भे गराउने र लागत अनुमान तयारी गर्ने काम भईरहेको ।

(७) गाउँपालिकाको JCB मार्फत् वर्षाद्का कारण क्षतिग्रस्त भएका विभिन्न वडाका सडकहरुको मर्मतसम्भार भई सडक सुचारु गरिएको ।

<u>शिक्षा तर्फ</u>

(१) फिक्कल गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयमा विभिन्न कारणले रिक्त रहेका र करार सेवाबाट पदपूर्ति गर्नुपर्ने विभिन्न तहका शिक्षक तथा विद्यालय कर्मचारीको पदमध्ये १६ (सोह्र) जना शिक्षक तथा विद्यालय कर्मचारी प्रतियोगितात्मक परीक्षा प्रणाली मार्फत् पदपूर्ति गरिएको । रिक्त केही पदहरुमा पदपूर्तिको लागि पुन: विज्ञापन प्रकाशन गरिएको र केही पदहरुको रोकिएको परीक्षा कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको ।

(२) गाउँपालिका भित्र रहेका ६ वटा सामुदायिक विद्यालयहरुमा हरित विद्यालय कार्यक्रम सञ्चालनको क्रममा रहेको।

(३) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र रहेका २ वटा सामुदायिक विद्यालयहरु ICT कार्यक्रम सञ्चालनका लागि छनौट भएका ।

(४) गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुलाई IEMIS सम्बन्धी ४ दिने तथ्याङ्क सुद्दढीकरण कार्यशाला सञ्चालन गरिएको ।






"फिक्कल समृद्धिको मूल आधार कृषि,स्वास्थ्य,शिक्षा,पर्यटन र रोजगार"
फिक्कल गाउँपालिका तथा मातहतका कार्यालयहरुबाट
आ.व. २०७९/०८० को प्रथम चौमासिक
(२०७९ श्रावण–२०७९ कार्तिक)
भित्रमा सम्पादित वार्षिक कार्यक्रम र योजना,
सुशासन तथा सेवा प्रवाहका सम्बन्धमा संचालित
सार्वजनिक सुनुवाई कार्यक्रम